# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ पुष १३ गते

### आयोगका पदाधिकारी र गृहमन्त्री बस्नेतबीच मानव अधिकारको अवस्थाको सम्बन्धमा छलफल

लामो समयदेखि तराई-मधेशमा जारी आन्दोलन र त्यसले सर्वसाधारणको मानव अधिकार तथा दैनिक जनजीवनमा पारेको समस्याको बारेमा राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ । आयोगका पदाधिकारी र गृहमन्त्री शक्तीबहादुर बस्नेतसँग आयोगमा भएको छलफलमा आयोगका पदाधिकारीले लामो समयदेखि तराइ-मधेशमा जारी आन्दोलनले मानव अधिकारको उपभोगमा गम्भीर असर परेको भन्दै अनुगमनका क्रममा तराई- मधेशमा भइरहेको आन्दोलन, मानव अधिकार हनन् र भूकम्प पीडितको पुर्नस्थापनाको सन्दर्भमा सरकारले गरीरहेको गृहकार्यको सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो । जारी आन्दोलनको वार्ता र संवादको माध्यमबाट समस्याको यथाशीघ्र समाधान खोज्न पनि आयोगले गृहमन्त्रीलाई आग्रह गरेको थियो ।

सो अवसरमा तराई मधेशमा भइरहेको आन्दोलन, सुरक्षा व्यवस्था र मानव अधिकारको स्थिति बारेमा छलफल भएको थियो । छलफलमा आयोगका पदाधिकारीले मानव अधिकारको सम्मान र संरक्षण गर्न सरकारलाई आग्रह गर्नुभएको थियो । आयोगका अध्यक्ष अनूप राज शर्माले सरकार आम नागरिकको अभिभावकको रुपमा मानव अधिकारको सम्मान, संरक्षण र परिपालन गर्नमा राज्यले अझ बढी गम्भीर भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

छलफलमा गृहमन्त्री बस्नेतले सरकारको तर्फबाट धारणा राख्दै तराई -मधेशमा भइरहेको आन्दोलनमा प्रहरीले राजमार्ग र आपूर्ति व्यवस्था सुचारु गर्न, नागरिकको जीउधन र सार्वजनिक सम्पत्तिको संरक्षणमा सुरक्षाकर्मी जिम्मेवारीपूर्वक लागेको बताउनुभयो । वार्ताको माध्यमबाट समस्या समाधान गर्ने तर्फ सरकार गम्भीर रुपमा लागीरहेको उहाँले बताउनुभयो । भूकम्प पीडितको लागि सरकारले तत्कालको लागि न्यानो कपडा वितरण प्रक्रिया र पुर्नस्थापनाको कार्य अगाडि बढाई रहेको पनि गृहमन्त्री बस्नेतले जानकारी दिनुभयो । उहाँले आयोगको सुझाव, सिफारिश र निर्देशनलाई सरकारले संवेदनशील रुपमा लिएको बताउनुभयो । छलफलमा आयोगका सदस्य सुदिप पाठक, मोहना अन्सारी, गृहमन्त्रालयका सचिव नारायणगोपाल मलेगो र आयोगका निमित्त सचिव सूर्य देउजा समेतको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता